# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकुद शाखा)

हात्तीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६ (शिक्षा)
चलानी : 548

मिति: २०७५/१०/१०

श्री प्रा.वि./नि.मा.वि./मा.वि. सबै
बकैया गाउँपालिका, मकवानपुर ।

विषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा बकैया गाउँ शिक्षा समितिको मिति २०७५/१०/०९ गतेको निर्णय बमोजिम बकैया गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षक/कर्मचारीहरुको तलब निकाशा र माग फारम सम्बन्धमा निम्नानुसार गर्नु गराउनु हुन जानकारी गराईन्छ ।

१. गाउँपालिकाबाट तलब निकासा त्रैमासिक रुपमा गरिनेछ ।
२. माग फारम सम्बन्धित विद्यालयबाट साउन, कार्तिक, माघ र बैशाख मसान्त सम्ममा सबै कागजात पूरा गरी बकैया गाउँपालिकाको शिक्षा शाखामा आईपुगिसक्नु पर्नेछ ।
३. गाउँपालिकाबाट तलब निकासा असोज, मंसिर, फागुन र जेष्ठ मसान्त भित्रमा हुनेछ ।
४. तोकिएको समयमा सबै कागजात पूरा गरी माग फारम प्राप्त नभएका विद्यालयहरुको तलब निकासा रोकिनेछ र रोकिएका विद्यालयहरुको माग फारम आएपछि अर्को त्रैमासिकमा मात्र निकासा गरिनेछ ।
५. विद्यालयले माग फारमको साथमा सामाजिक सुरक्षा कर, सञ्चय कोष कट्टी र बीमा लगायतका सबै रकम तिरेको रसिदको प्रतिलिपी अनिवार्य समावेश गर्नुपर्नेछ ।
६. विद्यालयले शिक्षकहरुको आधारभूत तह र माध्यमिक तहको छुट्टाछुट्टै, विद्यालय कर्मचारी छुट्टै र बाल विकास सहजकर्ताको छुट्टै माग फारम भर्नुपर्नेछ । एउटै माग फारमबाट सबै शिक्षक र कर्मचारीको निकाशा माग भई आएमा रकम निकाशा गाउँपालिका बाध्य हुनेछैन ।

.........
राम बहादुर घलान
शिक्षा अधिकृत

राम बहादुर घलान
शिक्षा अधिकृत

बोधार्थ:
१. श्री आर्थिक प्रशासन शाखा, बकैया गाउँपालिका, मकवानपुर ।
२. स्रोतव्यक्ति- श्री मोदनाथ पोखरेल-यसैअनुसार कार्यान्वयन गर्न/गराउनुहुन ।